बेनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना।

(सूचना प्रकाशित मिति : २०७७/०७/०२)

बेनी नगरपालिकामा कृषि, पशु सेवा तथा स्वास्थ सेवा तर्फ रहने गरी तपशिलका पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा बेनी नगरपालिकाको वेवसाइट www.benimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

तपशिलः

| विज्ञापन नं. | पद | सेवा | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०२/०७७/७८ | कृषि विकास अधिकृत | कृषि | अधिकृत स्तर सातौं | १(एक) | १०००।- |
| ०३/०७७/७८ | पशु चिकित्सक | कृषि (भेट समूह) | अधिकृत स्तर सातौं | १(एक) | १००० ।- |
| ०४/०७७/७८ | प्राविधिक सहायक | कृषि | सहायक स्तर पाँचौं | १(एक) | ४०० ।- |
| ०५/०७७/७८ | विद्यालय नर्स | स्वास्थ्य | सहायक स्तर पाँचौं | ५(पाँच) | ४०० ।- |
| ०६/०७७/७८ | नायब प्राविधिक सहायक | कृषि | सहायक स्तर चौथो | १(एक) | ३०० ।- |
| ०७/०७७/७८ | नायब पशु स्वास्थ्य प्राविधिक | कृषि (लापोडेडे/भेट समूह) | सहायक स्तर चौथो | १(एक) | ३०० ।- |
| ०८/०७७/७८ | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | २(दुई) | ३०० ।- |
| ०९/०७७/७८ | अ.न.मी | स्वास्थ्य | सहायक स्तर चौथो | २(दुई) | ३०० ।- |

**शैक्षिक योग्यता र अनुभवः**

१. न्यूनतम योग्यताः

- कृषि विकास अधिकृत (अधिकृत स्तर सातौं) का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको।
- पशु चिकित्सक (अधिकृत स्तर सातौं) को लागि नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको।
- प्राविधिक सहायक कृषि (सहायक स्तर पाँचौं) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको।

- विद्यालय नर्स (सहायक स्तर पाँचौं)को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको।
- नायब प्राविधिक सहायक कृषि (सहायक स्तर चौथो) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा जे. टि. ए. वा सो सरह उत्तिर्ण गरेको।
- नायब पशु स्वास्थ्य प्राविधिक (सहायक स्तर चौथो) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा जे. टि. ए. वा सो सरह उत्तिर्ण गरेको।
- अ.हे.ब. पदका लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा सि.एम.ए. उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।
- अ.न.मी पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा अ.न.मी. उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।

२. अनुभवः
- विद्यालय नर्स (सहायक स्तर पाँचौं) का लागि "विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम संचालन कार्यविधी, २०७६" वमोजिम हुनेछ।
- विद्यालय नर्स (सहायक स्तर पाँचौं) बाहेकका माथि उल्लेखित पदहरुको हकमा "बेनी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७७" बमोजिम हुनेछ।

३. उम्मेदवारको उमेरको हदः
- अधिकृत स्तर सातौं का लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।
- सहायक स्तर पाचौं र चौथो का लागि १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।
- महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको।

४. प्रचलित कानूनद्वारा अयोग्य नभएको।

५. सेवा सुविधाः नगरपालिकाले तोके बमोजिम हुनेछ।

६. परीक्षाको किसिमः सूचि प्रकाशन र अन्तर्वार्ता।

७. दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरुः
- उम्मेदवारको व्यक्तिगत विवरण,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- शैक्षिक योग्यताहरुको प्रमाणित प्रतिलिपि,
- अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।

*पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ। तोकिएको समयावधि भित्र पेश नभएका तथा रित नपुगेका आवेदनलाई मान्यता दिईने छैन। अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।*

छविलाल सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत